# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२१ गते

## प्रेस विज्ञप्ति

**विषय: पक्राउ गरी अनुसन्धान शुरु गरिएको।**

---

जिल्ला सिरहा कल्याणपुर नगरपालिकाका लेखापाल(ना.सु.) जयराम चौधरीले सामान मर्मत लगायतका बील भुक्तानी गरिदिए वापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.२०,०००/-(बीस हजार मात्र) घुस वापतको रकम लिइसकेको अवस्थामा निजकै डेराबाट मिति २०७४/१२/०४ गते नियन्त्रणमा लिइ अनुसन्धान भइरहेकोमा सोही विषयमा सोही कार्यालयका नि. कार्यालय प्रमुख(शा.अ.) बासुदेवकुमार यादव समेतको प्रत्यक्ष संलग्नता देखिएकोले मिति २०७४/१२/२० गते पक्राउ गरी विशेष अदालतबाट म्याद थप लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता